


Vol. 45, No. 4 | Magh-Falgun (2082) | February-March (2026)

## निगमको अकुपेन्सी र आम्दानीमा सुधार

नेपाल वायुसेवा निगमको अर्धवार्षिक कार्यसम्पादनमा उत्साहजनक सुधार देखिएको छ । आर्थिक वर्ष २०८२/८३ को श्रावणदेखि पुससम्मको आम्दानी र यात्रु सङ्ख्या गत आर्थिक वर्ष २०८१/८२ को सोही अवधिसँग तुलना गर्दा निगमले उल्लेखनीय प्रगति हासिल गरेको तथ्याङ्कले देखाएको छ ।

उक्त अवधिमा निगमको कुल आम्दानी करिब ७ प्रतिशतले वृद्धि भएको छ भने यात्रुसङ्ख्या करिब १८.७ प्रतिशतले बढेको छ । उपलब्ध जहाजहरूको अधिकतम उपयोग गर्दै विभिन्न गन्तव्यमा नियमित र प्रभावकारी उडान सञ्चालन गरिएकाले आम्दानी तथा यात्रु चाप दुवैमा सकारात्मक प्रभाव परेको हो ।

विशेषगरी जनवरीदेखि मार्चसम्मको अवधिमा निगमका अधिकांश उडानहरू उच्च अकुपेन्सी सहित सञ्चालन भइरहेका छन् । निगमसँग भएका जहाजहरूको समुचित उपयोग गर्दै उडान भएका गन्तव्यहरूमा सन्तोषजनक आम्दानी तथा यात्रुसङ्ख्या बढेको हो ।

निगमले आगामी दिनमा सेवा विस्तार तथा बजार व्यवस्थापनलाई अझ सुदृढ गर्दै यो वृद्धि दरलाई निरन्तरता दिने लक्ष्य लिएको छ । व्यवस्थापनको ध्यान सेवाको गुणस्तरमा सुधार र दीर्घकालीन आर्थिक स्थायित्वतर्फ केन्द्रित रहेको छ । साथै ए ३३० जहाजको इन्जिन ओभरहल तथा अन्य मर्मत गर्नुपर्ने अवस्थालाई मध्यनजर गर्दै ए ३३० जहाजहरूको उडान समयको उचित व्यवस्थापन गरिएको छ ।

### निगमको सिनामङ्गल स्थित जग्गामा

## भवन निर्माणका लागि शिलान्यास



निगमले सिनामङ्गलस्थित आफ्नै जग्गामा भवन निर्माण कार्यलाई अगाडि बढाउन शिलान्यास कार्य सम्पन्न गरेको छ । क्याट्रिङ स्टोर, सवारी पार्किङ, तालिम तथा पार्किङ भवन निर्माण गर्ने प्रयोजनको लागि फागुन ३० गते शनिवारका दिन शिलान्यास गर्ने कार्य सम्पन्न भएको हो । उक्त शिलान्यास कार्यक्रममा निगमका कार्यकारी सञ्चालक अमृतमान श्रेष्ठ, नायव महाप्रबन्धक (प्रा) र साधारण सेवा तथा सम्पत्ति व्यवस्थापन विभागका निर्देशक तथा अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो । उक्त भवन निर्माणकार्यका लागि करिब ४ करोड लागत अनुमान गरिएको छ । उक्त भवन निर्माण भएपश्चात् निगमको वार्षिक करिब ५० लाख खर्च कटौती हुने अपेक्षा गरिएको छ ।

## निगम केन्द्रीय कार्यालयमा रहेको लिफ्ट पुनः सञ्चालनमा



निगमको न्युरोडस्थित केन्द्रीय कार्यालयमा रहेको लिफ्ट सञ्चालनमा आएको छ । विगत लामो समयदेखि बन्द अवस्थामा रहेको लिफ्टको पूर्णरूपमा मर्मतसम्भार गरी फागुन २८ गते समुद्घाटन गरी सञ्चालनमा ल्याइएको छ । उक्त लिफ्ट करिब ५० लाख लागतमा निर्माण सम्पन्न भएको हो । निगमका कार्यकारी सञ्चालक अमृतमान श्रेष्ठले निगमका नायव महाप्रबन्धकज्यूहरू, निर्देशकज्यूहरू तथा उल्लेख्य कर्मचारीको उपस्थितिमा रिबन काटेर लिफ्टको औपचारिक रूपमा उद्घाटन गर्नुभएको थियो । लिफ्ट सञ्चालनमा आएसँगै निगमका कर्मचारी तथा आगन्तुक सबैलाई सहज भएको छ ।

# सम्पादकीय

नेपालको राष्ट्रिय ध्वजावाहक संस्था नेपाल वायुसेवा निगम पछिल्लो समय सुधार, पारदर्शिता र व्यावसायिकताका क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल गर्न सफल भएको छ। लामो समयदेखि विभिन्न चुनौतीहरूको सामना गर्दै आएको निगम अहिले संस्थागत सुधारलाई प्राथमिकतामा राख्दै सञ्चालन प्रणालीलाई प्रभावकारी बनाउने प्रयासमा जुटेको छ। वायुसेवा क्षेत्रलाई सुरक्षित, विश्वसनीय र प्रतिस्पर्धी बनाउने लक्ष्यका साथ व्यवस्थापनले छोटो अवधिमै धेरै सकारात्मक पहलहरू अघि बढाएको छ भने केही नतिजाहरू पनि देखिन थालेका छन्।

निगमले यात्रुसङ्ख्या वृद्धि गर्ने, आम्दानी बढाउने तथा अनावश्यक खर्च घटाउनेतर्फ विशेष ध्यान दिएको छ। आर्थिक वर्ष २०८२/८३ को श्रावणदेखि पुससम्मको आम्दानी र यात्रुसङ्ख्या गत आर्थिक वर्ष २०८१/८२ को सोही अवधिसँग तुलना गर्दा निगमले उल्लेखनीय प्रगति हासिल गरेको तथ्याङ्कले देखाएको छ। उक्त अवधिमा निगमको कुल आम्दानी करिब ७ प्रतिशतले वृद्धि भएको छ भने यात्रु सङ्ख्या करिब १८.७ प्रतिशतले बढेको छ। उपलब्ध जहाजहरूको अधिकतम उपयोग गर्दै विभिन्न गन्तव्यमा नियमित र प्रभावकारी उडान सञ्चालन गरिएकाले आम्दानी तथा यात्रु चाप दुवैमा सकारात्मक सूचक देखिएको हो।

निगमले आफ्नो दीर्घकालीन ऋण व्यवस्थापनका विषयमा पनि आवश्यक गृहकार्य सुरु गरेको छ। ऋणको स्पष्टता, व्यवस्थापन र पुनरावलोकन जस्ता विषयमा सम्बन्धित निकायहरूसँग संवाद बढाउँदै संस्थालाई वित्तीय रूपमा स्वस्थ बनाउने प्रयत्न भइरहेको छ। आर्थिक अनुशासन र व्यवस्थापन सुधारका यस्ता कदमहरूले निगमको भविष्यलाई अझ स्थिर र विश्वासिलो बनाउने अपेक्षा गरिएको छ।

निगमको सुधार अभियान केवल आर्थिक पक्षमा मात्र सीमित छैन। हाल देखिएको सुधार प्रयासले वायुसेवा प्रणालीलाई सुशासनयुक्त, जवाफदेही र जिम्मेवार बनाउने दिशामा पनि महत्वपूर्ण सन्देश दिएको छ। सुशासन र पारदर्शितालाई संस्थागत संस्कारका रूपमा विकास गर्ने प्रयासहरू आजको आवश्यकता हो र जनअपेक्षाको विषय पनि हो। अब मुलुकमा नयाँ सरकार गठन हुने चरणमा रहेको सन्दर्भमा वायुसेवा क्षेत्रलाई अझ प्रभावकारी, सुरक्षित र विश्वसनीय बनाउने कार्यले उच्च प्राथमिकता पाउने अपेक्षा गर्न सकिन्छ। पर्यटन प्रवर्द्धन, अन्तर्राष्ट्रिय सम्पर्क विस्तार र राष्ट्रिय प्रतिष्ठासँग प्रत्यक्ष जोडिएको यो क्षेत्रको सुदृढीकरण राज्यको साझा दायित्व हो।

राष्ट्रिय ध्वजावाहकका रूपमा निगमले नेपालको पहिचान र गौरवलाई अन्तर्राष्ट्रिय आकाशमा अझ मजबुत बनाउने लक्ष्यसहित आफ्नो भूमिका निर्वाह गर्न प्रतिबद्ध छ। नेपाल वायुसेवा निगम कुनै एउटा कम्पनी मात्र नभई राष्ट्रको शान र पहिचान हो। विदेशी भूमिमा नेपालीका लागि राष्ट्रिय ध्वजावाहक विमान गौरव आत्मीयता, अपनत्व र अभिभावक पनि हो। त्यसैले यसको विकास तथा विस्तारका लागि सरकारसँगै सरोकारवाला सबै निकाय र आम यात्रु वर्गबाट उच्च प्राथमिकताका साथ सहयोगको अपेक्षा गर्दछौं।

## तस्विर कर्नर



सम्माननीय राष्ट्रपतिज्यूसँग
नेपाल वायुसेवा निगमको बृहत् विकासबारे गहन छलफलपश्चात्
निगमका कार्यकारी सञ्चालक अमृतमान श्रेष्ठ तथा वरिष्ठ कप्तानहरू ।


## सम्पादक मण्डल

| | | |
|---|---|---|
| प्रधान सम्पादक | : | अर्चना खड्का |
| कार्यकारी सम्पादक | : | ज्ञानबहादुर अर्याल |
| सम्पादक | : | कल्पना काफ्ले |
| | : | नितु थापा |
| विभागीय प्रतिनिधिहरू | : | गोपाल प्र. तिवारी, इन्जिनियरिङ्ग मेन्टिनेन्स<br>नुमानन्द गौतम, यात्रुसेवा<br>छायाँ गुरूङ, आन्तरिक लेखा परीक्षण<br>प्रकाश अधिकारी, ग्राउण्ड सपोर्ट<br>प्रभा पोखरेल, मानव संशाधन<br>उदय खत्री, कन्टिन्यूइङ्ग एयर वर्दिनेश मेनेजमेन्ट<br>रञ्जना पोखरेल, बजार व्यवस्थापन<br>दामोदर भट्टराई, सा. से. तथा सं. व्यवस्थापन<br>राजन घिमिरे, अर्थ<br>राजकुमारी के.सी., अपरेसन्स<br>दिनेश पोखरेल, क्वालिटी एस्योरेन्स<br>प्रकाश घिमिरे, कर्पोरेट सेफ्टी डिभिजन |
| प्रकाशक | : | बाह्य, जनसम्पर्क तथा प्रचार प्रसार<br>महाशाखा संस्थागत विभाग<br>नेपाल वायुसेवा निगम<br>www.nepalairlines.com.np |
| फोटो सल्लाहकार | : | हरि गोपाल प्रधान |
| प्रेस सल्लाहकार | : | जीवन भण्डारी |

# OTM 2026 मा निगमको सहभागिता




निगमले फागुन २३ देखि २५ सम्म Jio World Convention Centre मुम्बईमा सम्पन्न भएको एशियाकै अग्रणी ट्राभल ट्रेड शो OTM 2026 (Outbound Travel Mart) मा प्रभावशाली उपस्थिति जनाउँदै भारतीय ट्राभल बजारसँगको सम्बन्ध अझ मजबुत बनाएको छ ।

नेपाल पर्यटन बोर्ड सँगको सहकार्यमा सहभागी भएको निगमले आफ्नै काउन्टरमार्फत् तीन दिनसम्म विभिन्न ट्राभल एजेन्सी तथा पर्यटन व्यवसायीसँग अन्तरक्रिया गरेको थियो । उक्त कार्यक्रममा निगमका तर्फबाट गणेश घिमिरे र महेन्द्र पाठक सहभागी हुनुभएको थियो भने जीएसए पार्टनर Bird Travels का मुकेश शर्मा, बिन्दु थोमस, मनाली नायक र स्नेहा एलेभको टोलीले प्रतिनिधित्व गरेको थियो । उक्त कार्यक्रममा ५० हजारभन्दा बढी पर्यटन व्यवसायी तथा पेशाकर्मीको सहभागिता रहेको थियो । कार्यक्रम अवधिभर प्रतिदिन औसत ५० देखि ६० जना ट्राभल एजेन्सीसँग अन्तरक्रिया भएको थियो ।

मुम्बई केन्द्रित ट्राभल एजेन्सीहरू मुख्य सहभागी भए पनि महाराष्ट्रका अन्य शहर तथा भारतका विभिन्न राज्यका एजेन्सीहरुले पनि निगमको काउन्टरमा चासो देखाएका थिए । विशेषगरी काठमाडौंसम्मको प्रत्यक्ष उडान तथा उडान तालिका बारे धेरै जिज्ञासा आएको थियो । नेपाल भ्रमण प्याकेज सञ्चालन गरिरहेका स्थापित एजेन्सीहरुका साथै नेपालका लागि टुर प्याकेज सुरु गर्न चाहने नयाँ एजेन्सीहरुले समेत उल्लेखनीय चासो देखाएका थिए ।

भारतीय बजारलाई लक्षित गर्दै गरिएको यस्तो सहभागिताले नेपालतर्फ आउने पर्यटक सङ्ख्या वृद्धि गर्न सहयोग पुग्ने विश्वास निगमले लिएको छ । प्रत्यक्ष उडान र सहज हवाई सम्पर्कबारे जानकारी उपलब्ध गराइएकाले आगामी दिनमा भारतबाट नेपाल आउने पर्यटक सङ्ख्या अझ बढ्ने अपेक्षा गरिएको छ ।

# उत्कृष्ट सुरक्षा प्रतिवेदकलाई सम्मान



निगमको कर्पोरेट सेफ्टी डिभिजनले २२ जनवरीमा निगमको केन्द्रीय कार्यालयमा सन् २०२६ को पहिलो सुरक्षा समीक्षा बोर्ड (SRB) बैठक सम्पन्न गरेको छ । निगमका कार्यकारी सञ्चालक अमृतमान श्रेष्ठको अध्यक्षतामा भएको बैठकमा सन् २०२५ मा सुरक्षा प्रतिवेदनमा उल्लेखनीय योगदान पुर्‍याएका कर्मचारीहरुलाई सम्मान गरिएको थियो । कर्पोरेट सेफ्टी डिभिजनले विभिन्न विभागका आठ जना प्रतिवेदकहरुलाई जोखिम तथा सुरक्षा समस्याको सक्रिय पहिचानका लागि सम्मान गरेको हो । सम्मानित हुनेमा अपरेसन्स विभागका बरिष्ठ क्याप्टेनद्धय भोगेन्द्र कठायत र अश्विन कुमार खड्का, फर्स्ट अफिसर रेश्मा सिजापती, क्याबिन क्रु आरती महर्जन, भोजपुर स्टेशनका स्टेशन म्यानेजर प्रकाश खड्का, अपरेसन्स विभागकै फ्लाइट डिस्प्याचर सुरेश श्रेष्ठ, इन्जिनियरिङ्ग मेन्टिनेन्स विभागका प्रमोद कुमार चौधरी र यात्रुसेवा विभागका नवराज ढुङ्गेल रहनुभएको थियो ।

कर्पोरेट सेफ्टी डिभिजनले सन् २०२५ को सङ्गठनव्यापी सुरक्षा प्रतिवेदन प्रस्तुत गरेको थियो । बैठकमा कुल २८६ वटा सुरक्षा प्रतिवेदन प्रस्तुत गरिएकोमा २११ वटा जोखिम (Hazard) प्रतिवेदन र ७५ वटा घटना (Occurrence) प्रतिवेदन थिए । तीमध्ये ३२ वटा अनिवार्य घटना प्रतिवेदन (Mandatory Occurrence Reports – MORs) रहेका थिए । कार्यक्रममा कार्यकारी सञ्चालक अमृतमान श्रेष्ठले यस्ता Safety Reporting Culture ले जोखिम पहिचान, जोखिम न्यूनीकरण तथा निगमको सुरक्षा सुधारमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । उक्त बैठकमा नायब महाप्रबन्धकद्धय तथा विभिन्न विभागका निर्देशकहरु र प्रतिनिधिहरुको सहभागिता रहेको थियो । बैठकको समन्वय कर्पोरेट सेफ्टी म्यानेजर विकास थापाले गर्नुभएको थियो ।

# SATTE 2026 मा निगमको सहभागिता




निगम र नेपाल पर्यटन बोर्डबिच पर्यटन प्रवर्द्धन कार्यका लागि सहकार्य गर्ने सम्झौता बमोजिम SATTE (South Asia's Travel and Tourism Exchange) 2026 कार्यक्रममा निगमले सक्रिय सहभागिता जनाएको छ । SATTE कार्यक्रम सन् २०२६ फेब्रुअरी २५ देखि २७ सम्म Yashobhoomi, India International Convention & Expo Centre मा संचालन भएको थियो । उक्त कार्यक्रममा निगमले नियमित उडान गरिरहेका भारतका तीन शहरहरु नयाँ दिल्ली, मुम्बई तथा बैंगलोरमा संचालित उडान तालिका लगायतका विषय तथा अन्य मुलुकहरुमा भएका उडानका विषयमा जानकारी दिनुका साथै अन्य प्रवर्द्धनात्मक गतिविधिहरु संचालन गरिएको थियो । नेपाल पर्यटन बोर्डको समन्वयमा भएको उक्त कार्यक्रममा नेपालका विभिन्न ४४ कम्पनीको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा निगमको संस्थागत विभागका का.मु.उपनिर्देशक ज्ञान बहादुर अर्याल, बजार व्यवस्थापन विभागका वरिष्ठ अधिकृत डोलराज पाण्डेय र निगम सञ्चालक समितिको सचिवालयका सहायक सरस्वती अधिकारीको सहभागिता रहेको थियो । कार्यक्रमका दौरानमा विभिन्न पर्यटन व्यवसायीहरुसँग अन्तरक्रिया, बैठक लगायत छलफल भएको थियो । उक्त कार्यक्रममा भारतका लागि नेपाली राजदूत डा. शङ्करप्रसाद शर्माको उपस्थिति रहेको थियो भने उहाँले निगमका उडानबारे चासो समेत व्यक्त गर्नुभएको थियो । पर्यटन प्रबर्द्धनसम्बन्धी उक्त कार्यक्रममा भएको सहभागिताले निगमको प्रचारप्रसार, बजार प्रवर्द्धन तथा निगमप्रति सकारात्मक धारणा विकास गर्न सहयोग पुऱ्याएको छ ।

## निगमका कर्मचारीलाई प्रशिक्षक प्रशिक्षण तालिम



नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (Nepal Administrative Staff College) अन्तर्गतको Management Learning Group Center of Human Resources Mangement ले निगमका कर्मचारीहरुलाई प्रशिक्षक प्रशिक्षणसम्बन्धी तालिम प्रदान गरेको छ ।

उक्त तालिम माघ ०६ देखि ०८ गतेसम्म सञ्चालन गरिएको थियो । तालिममा निगमका विभिन्न विभागमा कार्यरत कर्मचारीहरूको सहभागिता रहेको थियो ।

तालिमको उद्देश्य सहभागि कर्मचारीहरूको मानव संशाधन व्यवस्थापन, प्रशिक्षण योजना निर्माण, प्रशिक्षण सञ्चालन तथा प्रभावकारी प्रस्तुति क्षमताको विकास गर्नु रहेको थियो । यस प्रकारको तालिमले नेपाल एयरलाइन्सभित्र आन्तरिक तालिम प्रणालीलाई सुदृढ बनाउन र कर्मचारीहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास लिइएको छ ।

## महाशिवरात्रिको अवसरमा निगमद्वारा निःशुल्क पानी वितरण




विगत वर्षमा जस्तै निगमले सामाजिक उत्तरदायित्व वहन गर्दै महाशिवरात्रि पर्वको अवसरमा पशुपतिनाथको दर्शन गर्न आउने भक्तजन तथा दर्शनार्थीहरुलाई खाने पानी निःशुल्क वितरण गरेको छ । मन्दिर परिसरमा निगमले स्टल राखेर पानी वितरण गरेको हो । उक्त अवसरमा निगमका कार्यकारी सञ्चालक अमृतमान श्रेष्ठ, संस्थागत विभागका निर्देशक अर्चना खड्का, मानव संशाधन विभागका उपनिर्देशकद्वय दिक्पाल सुवेदी, रीता राई साथै संस्थागत विभागका उपनिर्देशक ज्ञान बहादुर अर्याल लगायत विभिन्न विभागका कर्मचारीहरूको उपस्थिति रहेको थियो । निगमले सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न समयमा सेवाको भावनाले विभिन्न कार्यक्रमहरू गर्दै आइरहेको छ ।

# मानव संशाधन विभाग

## पौष (२०८२)

### राजिनामा

| क्र.सं. | कर्मचारीहरुको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री करिस्मा श्रेष्ठ | नवौं | उप-निर्देशक |
| २ | श्री दिपक जंग ठाकुर | पाँचौं | सि.जि.इ.ओ कम एस एम |
| ३ | श्री आयुष अमात्य | पाँचौं | ब. प्राविधिक |

### अवकाश

| क्र.सं. | कर्मचारीहरुको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री नवराज श्रेष्ठ | पाँचौं | बरिष्ठ सहायक |
| २ | श्री कुशराम मास्के | छैठौं | अधिकृत |

## मङ्सिर (२०८२)

### राजिनामा

| क्र.सं. | कर्मचारीहरुको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री उज्जवल सिलवाल | नवौं | बरिष्ठ कप्तान |
| २ | श्री प्रेम बहादुर लामा | पाँचौं | बरिष्ठ सहायक |

### अवकाश

| क्र.सं. | कर्मचारीहरुको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री कान्छा गुरुङ | तेस्रो | हेड लोडर |

# कर्पोरेट सेफ्टी डिभिजन

१. कर्पोरेट सेफ्टी डिभिजनले सन् २०२६ को स्पष्ट मासिक कार्ययोजना र विभिन्न विभागहरुको सशक्त सहभागितासहित जनवरी र फेब्रुअरी महिनामा सुरक्षा व्यवस्थापन प्रणाली (SMS) सुदृढीकरण, सकारात्मक सुरक्षा प्रतिवेदन संस्कृतिको प्रवर्द्धन तथा सबै सुरक्षा क्षेत्रहरूमा निरन्तर निगरानी गर्दै विभिन्न क्रियाकलापहरू सम्पन्न भयो ।

२. जनवरी महिनामा विभिन्न विभागसँग समन्वय गर्दै, सबै सुरक्षा क्षेत्र (Safety Domain) हरूका लागि सुरक्षा कार्यसम्पादन सूचक (SPI) तथा सुरक्षा कार्यसम्पादन लक्ष्य (SPT) निर्धारण गरियो, जसले वर्षभरि सुरक्षा नतिजाहरू अनुगमन गर्न मापनयोग्य ढाँचा प्रदान गर्‍यो । यससँगै अडिट तथा अवलोकन समीक्षा, SPI/SPT सम्बन्धी सुरक्षा कार्यशाला, तथा जोखिम र घटनाको समीक्षा एवम् सुरक्षा अनुसन्धान सिफारिसहरूको अवस्थासहित SMS गतिविधिको समग्र समीक्षा सम्पन्न गरियो ।

३. सुरक्षा संरचनालाई सुदृढ बनाउन फ्लाइट डेटा एनालाइसिस (FDA) Event Review Committee, स्टेरिङ कमिटी बैठक सफलतापूर्वक आयोजना गरियो। यी बैठकहरूले सुरक्षा जोखिमहरू उचित तहमा छलफल हुने र तथ्यमा आधारित निर्णय प्रक्रियालाई केन्द्रमा राख्ने निर्णय गरियो ।

४. जनवरीको दोस्रो सातामा सेफ्टी एक्सन ग्रुप (SAG) बैठक र सेफ्टी रिभ्यु बोर्ड (SRB) बैठकमार्फत संगठनात्मक सुरक्षा बैठक सम्पन्न गरियो। यस महिनाको प्रमुख आकर्षण सुरक्षा प्रतिवेदकहरू (Safety Reporters) को सम्मान कार्यक्रम रह्यो, जसले सुरक्षा प्रतिवेदन (Safety Reporting Culture)लाई प्रोत्साहन गर्दै सुरक्षा उत्कृष्टताको संस्कृतिलाई सुदृढ गर्न मद्दत पुग्ने छ । साथै, नेपाल नागरिक उड्डयन प्राधिकरण, Quality Assurance विभाग (QAD) को अडिटसँग सम्बन्धी सुझाव र परिपत्रहरू समेटी विभिन्न म्यानुअलहरू, (SMS, FDA, ERP, LERP Manual) विस्तृत समीक्षा गरी संशोधन गर्ने कार्यको सुरुवात गरियो ।

५. फेब्रुअरी महिनामा पनि जोखिम पहिचान र सुरक्षा प्रतिवेदनमा केन्द्रित सुरक्षा अभियानले Safety Reporting Culture सँग सम्बन्धी बैठक विभिन्न विभागहरूमा सुरक्षा सचेतना कार्यक्रम आयोजना गरियो । साथै सुरक्षा प्रतिवेदन तथा डाटाबेस व्यवस्थापनसम्बन्धी कार्यशाला आयोजना गरियो, जसले सुरक्षा डाटा व्यवस्थापन र विश्लेषणमा कर्मचारीहरूको दक्षता वृद्धि गर्‍यो ।

६. सञ्चालनगत पक्षमा अन्तर्राष्ट्रिय स्टेसनहरूमा ग्राउन्ड अपरेसन, सुरक्षा निरीक्षण (Safety Observation) सम्पन्न गरियो । अडिट समीक्षा, SMS गतिविधिको निरन्तर समीक्षा गरी नियामक निकायसँग आवश्यक समन्वय समेत गरियो ।

# Ground Support Department

१. निगमले प्रदान गर्दै आएको ग्राउण्ड ह्याण्डलिङ्ग सेवाको IATA बाट Safety Audit for Ground Operations (ISAGO) सम्पन्न गराई आफ्नो सेवालाई अन्तर्राष्ट्रिय स्तरको मापन विगत २०१६ देखि निरन्तर गर्दै आएकोमा 09 Nov देखि 10 Nov. 2025 सम्म Organization and Management (ORM) को र मिति 24 Nov. 2025 देखि 26 Nov. 2025 सम्म Station Audit सम्पन्न भई निर्धारित मापदण्डहरू पुरा गरी Certification नवीकरण भएको ।

२. नयाँ Ground Support Equipment, Air Starter Unit विभागको GSE Maintenance Hanger df delivered भएपश्चात् Testing & Commissioning को कार्य सम्पन्न भएको ।

३. निगमका Aircraft A320 को Engine Replacement को लागि Ben Gurion Airport Tel Aviv, Isarel मा Ground Handling सेवा र उडान Permit का लागि आवश्यक सहकार्य गरी व्यवस्था गर्ने कार्य सम्पन्न भएको ।


४. निगमका उडानहरुलाई Indira Gandhi International Airport मा ग्राउण्ड हेण्डलिङ्ग सेवा लिनका लागि Ground Handling Agreement Renew गरिएको ।

# Internal Audit Department

**Following departmental activities have been listed for the month of Magh & Falgun 2082.**

1. Audit report of Bangalore station is still in progress.
2. Audit report of Malaysia station is still in progress.
3. Checklist of Corporate and General Service & Property Management Department finalized.
4. Checklist of Customer Service & Flight Review Committee finalized.


## अर्बुद रोगका बिरामीलाई निगमको सहयोग




निगमले आफ्नो हवाईसेवा मार्फत् अर्बुद रोगको उपचारको लागि काठमाडौं – दिल्ली – काठमाडौं आवत जावत गर्ने बिरामी र बिरामीको कुरुवालाई टिकट उपलब्ध गराउँदै आएको छ । Cancer Relief Society को सिफारिसमा नेपाल वायुसेवा निगमले अर्बुद रोगका बिरामीलाई प्रथम, दोस्रो र तेस्रो चरणमा गरेर १००, ५० र २५ प्रतिशत छुटमा टिकट उपलब्ध गराउँदै आएको छ । यसै अन्तर्गत निगमको केन्द्रीय कार्यालयको अन्तर्राष्ट्रिय बिक्री कक्षबाट प्राप्त जानकारीअनुसार पुष महिनामा ४४ जना बिरामी र ३७ जना बिरामी कुरुवाले साथै माघ महिनामा ५३ जना बिरामी र ५० जना बिरामी कुरुवाले छुटको सुविधा लिएका थिए।


# 1. Traffic statistics for the month of Magh-Falgun 2082


### International Sector





### Domestic Sector





*Source: Post Flight Information Report*

# 2. Market share of NAC International Sector




Note : The data excludes passengers from Air India.

*Source: Customer Service Department*

# DUTY ROSTER OF NAC CLINIC DOCTORS

Effective from 22nd Feb 2026

| S.N. | NAME OF DOCTORS | SUNDAY | MONDAY | TUESDAY | WEDNESDAY | THURSDAY | FRIDAY |
|---|---|---|---|---|---|---|---|
| 1. | **Dr. SUBODH KUMAR ADHIKARI**<br>Senior Surgeon<br>NMC : 1095<br>Mobile No. 9851037056 | | 12:00-13:00 | 12:00-13:00 | 12:00-13:00 | | |
| 2. | **Dr. RANJEET S. BARAL**<br>Consultant Cardiologist/AME &<br>General Physician<br>NMC: 1516<br>Mobile No. 9851053577 | 13:00-14:00 | 14:00-15:00 | | | 16:00-17:00 | |
| 3. | **Dr. NANDITA GHIMIREY**<br>Family Medicine<br>NMC: 2784<br>Mobile No. 9841777677 | | 15:00-16:00 | 14:00-15:00 | 14:00-15:00 | | |
| 4. | **Dr. KAVITA ADHIKARI**<br>Consultant Gynecologist<br>NMC: 3679<br>Mobile No. 9851176411 | 15:00-16:00 | | 15:00-16:00 | 15:00-16:00 | | |
| 5. | **Dr. LOCHAN KARKI**<br>Consultant Physician<br>NMC: 4687<br>Mobile No. 9851056689 | | | 13:00-14:00 | | 14:00-15:00 | 13:00-14:00 |
| 6. | **Dr. GYANENDRA SHAH**<br>Senior Consultant, Orthopedic Surgeon<br>NMC: 4723<br>Mobile No. 9851029425 | | 13:00-14:00 | | | 13:00-14:00 | 12:00-13:00 |
| 7. | **Dr. BISHWA RAJ DAWADI**<br>Consultant Family Physician<br>NMC: 4996<br>Mobile No. 9841226322 | 14:00-15:00 | | 16:00-17:00 | 13:00-14:00 | | |
| 8. | **Dr. SHIVAJI BIKRAM SILWAL**<br>Consultant Cardiologist<br>NMC: 6335<br>Mobile No. 9801022997 | 16:00-17:00 | | | 16:00-17:00 | | 14:00-15:00 |
| 9. | **Dr.ASMITA ARYAL**<br>Consultant, General Practice and<br>Emergency Medicine<br>NMC: 23121<br>Mobile No.9849512493 | 11:00-12:00 | | 11:00-12:00 | 11:00-12:00 | | |

Office Tel: 00977-1-4220757, Ext. 2314 | Sangita Acharya Mob: 9849324963

# Ground Support Department / Cleaning Section

## LOST AND FOUND RECORD SUMMARY

| S.N. | Year | | Found Materials/Goods (in Frequency) | | | | | | | | Tot. | HOV to Airlines | | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Months | | Mob | Cam | Mny | ipd/Laptop | PP | Gld | Note | Elx | pcs. | Staff | Crew | Police/security | Paxs | |
| 1 | 2082 | Magh | 7 | 5 | 11 | 4 | 0 | 3 | 0 | 31 | 61 | 31 | 17 | 13 | | |
| 2 | 2082 | Fagun | 2 | 4 | 3 | 0 | 0 | 1 | 0 | 16 | 26 | 16 | 7 | 3 | | |
| Total | | | 9 | 9 | 14 | 4 | 0 | 4 | 0 | 47 | 87 | | | | | |

**नोट :** उपर्युक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमान स्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छाडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले सम्बन्धित ठाउँमा बुझाएका सामानहरूको हो ।

### Details

Mob: Mobiles
Cam: Different types of movie and still camera/watch.
Mny: Money and wallets
ipd: i-phone, i-pod, i-pad, tablets, Laptop etc.
Gld: Gold and ornaments
Elx: Other electronic appliances/items, games, pendrives, Power Bank etc.
Hov: Handed over to the related airlines (staff, crew, passengers)
PP: Passport

# Operation Department

## Performance Report of Flights from Kathmandu for the month of Magh and Falgun 2082

| Fleet/ Month | 9N-AKW | | 9N-AKX | | 9N-ALY | | 9N-ALZ | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Flight Performance% | Poush | Magh | Poush | Magh | Poush | Magh | Poush | Magh | Poush | Magh |
| Reliability | 100.00% | 95.83% | 100.00% | 100.00% | 100.00% | 97.56% | 100.00% | 100.00% | 100.00% | 98.35% |
| Punctuality | 44.44% | 50.00% | 40.00% | 44.00% | 42.59% | 31.71% | 64.00% | 37.50% | 47.76% | 40.80% |

# NEPAL AIRLINES CORPORATION
## MARKETING DEPARTMENT
## TRAFFIC AND REVENUE PERFORMANCE OF SCHEDULE FLIGHTS OF DOMESTIC & INTERNATIONAL STATIONS AS OF MAGH AND FALGUN, 2082

| Region | Magh 2082 | | | | Falgun 2082 | | | | Total in Two Months | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Grand Total Passenger Flown | Grand Total Revenue in NPR |
| Domestic | 2,756 | 16,492,752 | 130,205 | 16,622,957 | 2335 | 13,675,847 | 63,609 | 13,739,456 | 5,091 | 30,362,413 |
| Domestic Total | 2,756 | 16,492,752 | 130,205 | 16,622,957 | 2335 | 13,675,847 | 63,609 | 13,739,456 | 5,091 | 30,362,413 |
| KTM-NRT | 2,299 | 142,326,089 | 28,880,435 | 171,206,524 | 3,439 | 270,552,737 | 23,389,580 | 293,942,317 | 5,738 | 465,148,841 |
| NRT-KTM | 3,088 | 195,485,220 | 6,067,800 | 201,553,020 | 3,354 | 235,696,700 | 10,127,400 | 245,824,100 | 6,442 | 447,377,120 |
| KTM-DXB | 4,529 | 145,374,760 | 5,962,285 | 151,337,045 | 3,566 | 123,267,540 | 7,636,365 | 130,903,905 | 8,095 | 282,240,950 |
| DXB-KTM | 4,589 | 82,501,754 | 13,811,950 | 96,313,704 | 3,852 | 98,659,422 | 10,761,360 | 109,420,782 | 8,441 | 205,734,486 |
| KTM-DEL | 5,762 | 47,696,230 | 557,040 | 48,253,270 | 6,309 | 55,570,635 | 958,861 | 56,529,496 | 12,071 | 104,782,766 |
| DEL-KTM | 6,030 | 42,576,866 | 807,104 | 43,383,970 | 6,722 | 66,642,926 | 885,248 | 67,528,174 | 12,752 | 110,912,144 |
| KTM-KUL | 1,863 | 48,827,545 | 1,142,166 | 49,969,711 | 1,729 | 48,160,260 | 481,407 | 48,641,667 | 3,592 | 98,611,378 |
| KUL-KTM | 1,948 | 29,462,545 | 387,003 | 29,849,548 | 1,958 | 33,891,368 | 351,777 | 34,243,145 | 3,906 | 64,092,693 |
| KTM-DOH | 5,469 | 167,496,455 | 5,765,311 | 173,261,766 | 2,678 | 82,722,820 | 2,369,476 | 85,092,296 | 8,147 | 258,354,062 |
| DOH-KTM | 5,064 | 107,655,087 | 3,589,990 | 111,245,077 | 2,943 | 69,234,890 | 2,082,070 | 71,316,960 | 8,007 | 182,562,037 |
| KTM-BKK | 1,271 | 24,676,815 | 521,613 | 25,198,428 | 1,643 | 32,265,395 | 672,828 | 32,938,223 | 2,914 | 58,136,651 |
| BKK-KTM | 1,105 | 38,267,393 | 771,200 | 39,038,593 | 1,314 | 49,425,058 | 573,040 | 49,998,098 | 2,419 | 89,036,691 |
| KTM-HKG | 309 | 10,076,200 | 204,840 | 10,281,040 | 1,180 | 54,582,405 | 977,130 | 55,559,535 | 1,489 | 65,840,575 |
| HKG-KTM | 506 | 22,181,722 | 2,558,960 | 24,740,682 | 704 | 32,525,450 | 4,436,169 | 36,961,619 | 1,210 | 61,702,301 |
| KTM-BOM | 938 | 11,081,262 | 73,050 | 11,154,312 | 1,040 | 14,084,100 | 201,855 | 14,285,955 | 1,978 | 25,440,267 |
| BOM-KTM | 958 | 10,079,486 | 847,136 | 10,926,622 | 1,123 | 14,727,819 | 1,020,672 | 15,748,491 | 2,081 | 26,675,113 |
| KTM-BLR | 1,404 | 17,900,760 | 60,075 | 17,960,835 | 1,302 | 18,317,230 | 98,550 | 18,415,780 | 2,706 | 36,376,615 |
| BLR-KTM | 1,323 | 11,468,323 | 562,720 | 12,031,043 | 1,327 | 14,862,639 | 646,128 | 15,508,767 | 2,650 | 27,539,810 |
| KTM- DMM | 927 | 33,902,475 | 27,079 | 33,929,554 | 385 | 14,048,125 | 20,482 | 14,068,607 | 1,312 | 47,998,161 |
| DMM-KTM | 1,014 | 21,485,031 | 204,120 | 21,689,151 | 496 | 12,495,287 | 86,940 | 12,582,227 | 1,510 | 34,271,378 |
| KTM-BWA-DXB | | | | - | | | | - | - | - |
| KTM-CAN | 262 | 5,942,090 | 30,520 | 5,972,610 | 1,211 | 33,546,645 | 84,480 | 33,631,125 | 1,473 | 39,603,735 |
| CAN_KTM | 520 | 8,586,674 | 887,064 | 9,473,738 | 524 | 6,875,222 | 986,700 | 7,861,922 | 1,044 | 17,335,660 |
| Intl Total | 51,178 | 1,225,050,782 | 73,719,461 | 1,298,770,243 | 48,799 | 1,382,154,673 | 68,848,518 | 1,451,003,191 | 99,977 | 2,749,773,434 |
| Grand Total | 53,934 | 1,241,543,534 | 73,849,666 | 1,315,393,200 | 51,134 | 1,395,830,520 | 68,912,127 | 1,464,742,647 | 105,068 | 2,780,135,847 |

**Note:**

1. Prepared on the basis of data submitted from respective stations.
2. Domestic Revenue includes revenue from operated scheduled flight.
3. International Revenue calculated from operated schedule flights .
4. Charter Flights are not included in above data.

**Source:** PFIR (2082/08/01)